annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७०, पृष्ठ ८ | काठमाडौं, मंगलबार ११ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४६ | TUESDAY, OCTOBER 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

त्रिवि अतिक्रमण - शृंखला १


# राजनीतिक संरक्षणमा त्रिविको सम्पत्तिमा ब्रह्मलुट

त्रिभुवन विश्वविद्यालयको अर्बौं मूल्यको चल, अचल सम्पत्ति हिनामिना भएको छ। नेपालकै सबैभन्दा पुरानो, ठूलो र सम्पन्न विश्वविद्यालयको दोहन गरिएको छ। स्वायत्त शैक्षिक संस्थाको सम्पत्ति मनपरी रूपमा बाँडिएको छ। राजनीतिक संरक्षणमा विश्वविद्यालयका पदाधिकारी र कर्मचारीले बिचौलियासँगको मिलेमतोमा ब्रह्मलुट मच्चाएका छन्। प्राध्यापक तथा कर्मचारीका संघ-संस्थाले नै त्रिविको जग्गा भाडामा लगाएका छन्।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



तस्बिर : अशोक दुलाल

## छठी माईलाई सेनाको पहिलो सलामी



**क्रान्ति शाह** | *वीरगन्ज*

लोक आस्थाको महापर्व छठ पूजामा सरिक हुँदै नेपाली सेनाले छठी माईलाई सलामी अर्पण गरेको छ। छठ पर्वको मुख्य दिन सोमबार सझिया घाटका दिन वीरगन्ज महानगरपालिका–१० स्थित घडीअर्वा छठघाटमा पुगेर सेनाको टोलीले छठी मैया र सूर्य भगवान्‌लाई सलामी अर्पण गरेको हो।

यसअघि दसैंमा सप्तमीका दिनमात्रै सेनाले नवदुर्गा भवानीलाई सलामी दिने चलन रहेकोमा छठ पूजामा सेनाले छठी मैया र सूर्य भगवानलाई सलामी अर्पण गरेको हो। वीरगन्जको श्रीपुरस्थित नेपाली सेनाको श्रीजंग गणबाट प्रमुख सेनानी लोकेन्द्र कार्कीको नेतृत्वमा सेनाको वाद्यवादनसहितको परेड र मार्च गर्दै परिक्रममा पछि घडीअर्वा छठघाटमा पुगेको सेनाको टोली छठघाट परिसरमा रहेको सूर्य भगवान्‌को मन्दिरमा पुगेको थियो। त्यसपछि सेनाको टोलीले छठी मैया र सूर्य भगवानलाई सेनाको विधिअनुसार सलामी अर्पण गरेको प्रमुख सेनानी कार्कीले बताए।

छठ पूजा व्यवस्थापन समितिको आग्रहमा सेनाको टोलीले छठी माई र सूर्य भगवानलाई सलामी अर्पण गरेको उनले बताए। छठ पर्वप्रतिको आस्था र लोकप्रियता बढ्दै गएको भन्दै उनले सेनाले सबै धर्म संस्कृतिको सम्मान गर्दै आएको बताए।

घडीअर्वा छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष राकेशकुमार साहले छठ पर्वको इतिहासमै सम्भवत: पहिलोपटक नेपाली सेनाले छठी माईलाई सलामी दिएको बताए। उनले भने, 'गाउँवासीमा सरसल्लाह गर्‍यौं।

त्यसपछि सेनालाई आग्रह गर्‍यौं। सेना पनि सहमत भयो। यसपालिको छठ पूजा ऐतिहासिक भएको छ। अब यसलाई आगामी वर्षमा पनि निरन्तरता दिन्छौं।'

# बाली बिगार्ला है बेमौसमी पानीले !


**नितु घले** | *काठमाडौं*

भित्र्याउन लागेको धान पानीले बिगार्ने हो कि भन्ने चिन्ता अहिले किसानमा बढेको छ। मौसमविद्‌हरूले सोमबार रातिदेखि नै वर्षाको सम्भावना रहेकाले सावधानी अपनाउनुपर्ने सुझाव दिएपछि यो चिन्ता बढेको हो। नेपालका धेरै ठाउँमा पानी पर्ने सम्भावना छ। पूर्वी तराईमा झनै ठूलो पानी पर्न सक्ने भन्दै सचेत रहन सुझाएका छन्।

त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक विनोद पोखरेल भन्छन्, 'तराईले खडेरीसँग संघर्ष गरेर रोपेको धान भित्र्याउने बेलामा पर्न लागेको पानीले विनाश गर्ने हो कि ? सावधानी अपनाउनुहोस्।'

सन् २०२१ मा पनि धान भित्र्याउन नपाउँदै परेको पानीले सारा किसानको सपना चकनाचुर बनाएको थियो। त्यतिबेला २४ घण्टामा ३६१ मिलिमिटरसम्म वर्षा भएको जल तथा मौसम विज्ञान विभागको तथ्यांकले देखाउँछ।

यस वर्षको जुन महिना नेपालका सम्पूर्ण भूभाग सुक्खा रहेको थियो। पर्याप्त पानी नपर्दा मधेस प्रदेशलगायत अन्य भूभाग नराम्ररी प्रभावित बन्यो। तर बाली थन्क्याउने बेलामा समेत पानीले दु:ख दिन सक्ने भन्दै जल तथा मौसम विज्ञान विभागले सोमबार विज्ञप्ति जारी गरिसकेको छ। सोमबार रातिदेखि पर्ने पानीले दैनिक जनजीवन मात्रै नभएर कृषि, पर्यटन, पर्वतारोहणमा समेत असर पार्ने भएकाले सावधानी अपनाउनुपर्ने जनाइएको छ।



मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछाने भन्छन्, 'देशमा पश्चिमी वायु तथा अरब सागरमा बनेको न्यून चापीय प्रणालीको कारणले सोमबार रातिदेखि बुधबार बिहानसम्म हिमपात र वर्षाको सम्भावना बढाएको छ।' गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको उच्च पहाडी तथा हिमाली भेगका केही ठाउँ र बाँकी प्रदेशको हिमाली र पहाडी भूभागमा हिउँपात र वर्षाको सम्भावना रहेको जनाइएको छ। गण्डकी प्रदेशको गोरखा, म्याग्दी, मनाङ, मुस्ताङलगायत आसपासका ठाउँमा भारी हिउँ पर्ने सम्भावना रहेको छ। त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागका सहप्राध्यापक पोखरेलले नेपालभरि अरब सागर र बंगालको खाडीबाट विकसित भएको न्यून चापीय प्रणालीका असरकै कारण बादल फैलिएको बताएका छन्। पश्चिमी वायुको प्रभाव भने थोरै मात्रामा भएको उल्लेख गरेका छन्।

मंगलबारदेखि पश्चिम नेपालमा भारी वर्षा हुने र पूर्वका आधाजसो भूभागमा पनि भारी वर्षाको सम्भावना रहेको जनाइएको छ। मुलुकको आधा भागमा बिहीबारदेखि शनिबारसम्म वर्षाको सम्भावना रहेको पोखरेलले जनाए।

अक्टोबर, नोभेम्बरमा साइक्लोनहरू विकसित हुने समय भएकाले त्यसको प्रभावले पानी पार्ने सम्भावना रहने मौसमविद्‌हरू बताउँछन्।

सोमबारदेखि काठमाडौंको मौसम पनि धुम्मिएको छ। सोमबारको तापक्रम २३ देखि २५ डिग्री सेल्सियस रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। पानी नपरे पनि चिसो अनुभव गरिएको छ।

## भारत–चीन सीधा उडान सुरु




**बेइजिङ** (एजेन्सी) : चीन र भारतबीच पाँच वर्षपछि सीधा हवाई सेवा पुन: सुरु भएको छ। भारतको कोलकाताबाट करिब १८० यात्रु बोकेर इन्डिगोको उडान ६ई-१७०३ सोमबार चीनको ग्वाङ्झाउ आइपुगेको छ।

कोभिड महामारीको समयमा सन् २०२० को सुरुवातमा दुई देशबीचको सीधा उडानहरू बन्द गरिएको थियो। त्यस वर्ष लद्दाखको गलवानमा भारतीय र चिनियाँ सेनाबीच भएको हिंसात्मक झडपपछि उडानहरू बन्द भएका थिए।

यद्यपि, दुई देशबीचको सम्बन्ध विस्तारै सुधार हुँदै गइरहेको छ। गत वर्ष दुई पक्षले सीमा गस्तीमा एक ऐतिहासिक सम्झौतामा हस्ताक्षर पनि गरेका थिए। यस वर्ष अगस्टमा प्रधानमन्त्री नरेन्द्र मोदीले ७ वर्षपछि चीनको भ्रमण गरेका थिए र सोही महिनामा चिनियाँ विदेशमन्त्री वाङ यीले पनि भारतको भ्रमण गरेका थिए।

# पहाडमा पनि भव्य छठ

**देवचन्द्र भट्ट** | *नुवाकोट*

तराईमा मात्र मनाइँदै आएको छठ पर्व पहाडमा पनि मनाउन थालिएको छ। पहाडी संरचना रहेको नुवाकोटको नदी पोखरीमा छठ पर्वको रौनक छाएको छ। विगत डेढ दशकदेखि नुवाकोटका विभिन्न नदी किनारमा छठ मनाइँदै आएको छ। २०६५ सालअघि तराईको विभिन्न स्थानमा मनाइने छठलाई अहिले राष्ट्रिय स्तरमै मनाउन थालिएको हो।

सोमबार त्रिशूली बजारमा रहेको राममन्दिरसँगै त्रिशूली नदीको किनारामा व्रतालुहरू लहरै बसेर छैंठी माताको पूजाआजा गर्दै छठ मनाएको पूजामा सहभागी लालबावु गुप्ताले बताए। आफूहरूलाई पहाडमा छठ पर्व मनाउन स्थानीय समुदायले सहयोग गरेका कारण निकै खुसी लागेको पनि उनले बताए।

नुवाकोटको त्रिशूली नदी किनारामा रहेको राममन्दिर घाटमा सामूहिक रूपमा छठ पर्व मनाइँदै आएको हो। सांगीतिक वातावरणमा छैठी माताको पूजा आराधनासहित एकैपटक सयौं जनाले सामूहिक छठ मनाएका हुन्।

कात्तिक शुक्ल चतुर्दशीका दिनबाट सुरु हुने छठ पर्व सूर्यको आराधना गरी नेपाल र भारतका विभिन्न क्षेत्रमा मनाइन्छ। छठ मनाउन नदी किनारामा पुगेका तराइवासीलाई पहाडी समुदायका सर्वसाधारणले समेत साथ दिएका छन्। तराई र पहाडी समुदायका नागरिकले संयुक्त रूपमा धार्मिक सहिष्णुताको भावनाले छठ पूजा मनाएका हुन्। दुई दिनसम्म तराई मूलका नागरिकलाई धार्मिक सहिष्णुताको भावनाले पहाडी समुदायका सर्वसाधारणले सहयोग पुर्‍याएका छन्।



सोमबार व्रत बसेर अस्ताउँदो सूर्यलाई अर्घ दिएर रातभर जाग्राम बसी मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ चढाएपछि छठ पर्व सकिन्छ। नुवाकोटको त्रिशूली नदी किनाराको त्रिशूली, देवीघाट, वेत्रावति तथा तादीको ढिकुरेमासमेत छठ पर्व मनाइएको छ।

सामूहिक रूपमा सबै तराईवासी मिलेर त्रिशूलीको रामघाटमा छठपूजा गरिएको विदुर नगरपालिका १ ढुंगेबजारमा बसोबास गर्दै आएका अशोककुमार कलवारको भनाइ छ। कलवारले पहाडमै छठ मनाउँदा सर्वसाधारण पनि खुसी हुने गरेको वताए।

आफूहरूलाई छठ मनाउन स्थानीय समुदायले साथ दिएको उनको भनाइ छ। अत्यन्तै श्रद्धा र निष्ठाका साथ व्रत बसी अस्ताउँदो सूर्य र उदाउँदो सूर्यलाई पूजा गरी यो पर्वलाई हर्सोल्लासका साथ मनाइएको १० वर्षदेखि नुवाकोटमा बस्दै आएकी छठ पूजाकी अगुवा व्रतालु शिला ठाकुरले बताइन्।

पहाडमा छठ मनाउँदा आफूहरूलाई जन्मथलो तथा घरमै मनाएको जस्तो अनुभूति भएको उनले बताइन्। यो पर्वमा षष्ठी भगवतीको पूजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गर्ने गरिन्छ।

श्रद्धा तथा भक्तिपूर्वक यो पर्व मनाइएको २० वर्षदेखि नुवाकोटमा बसोबास गर्दै आएका गणेश ठाकुरले बताए। छठ पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकी दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि खुवाउने चलन रहेको पूजामा सहभागी सागर शर्माले जानकारी दिए।

उनका अनुसार श्रद्धा, भक्ति र सम्पूर्ण तराई-मधेसको साझा सांस्कृतिक धरोहरको प्रतीक छठ पर्वमा टाढाटाढा घर जान नसकेकाहरूले नुवाकोटको त्रिशूली नदीमा पुगेर सामूहिक रूपमा छठ पर्व मनाएको अमरेश कुमारको भनाइ छ। छठ पर्वको मुख्य दिन सोमबार साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ दिइएको छठ पूजामा सहभागी नुवाकोटका अगुवा ब्राह्मण रामप्रसाद खतिवडाले जनाए।

तराई समुदायका नागरिकलाई पुजामा साथ दिन पाउँदा आफूलाई निकै हर्ष लागेको उनको भनाइ छ। लहरै भेला भएका पाँच सयभन्दा बढी व्रतालुले नदीमा रातभर जाग्राम बसेर छैठीमाताको पूजा आराधना गरेका हुन्। नुवाकोटका त्रिशूलीलगायत विभिन्न नदीमा छठ पर्व मनाइएको हेर्न सर्वसाधारणको भीड लागेको थियो। राममन्दिर नजिकै त्रिशूली नदी किनारामा रहेका सामूहिक छठ पूजास्थल रंगीचंगी रूपमा सिंगारिएको थियो।

यस वर्ष डेंगुलगायत विविध रोगको महामारीबाट बच्न र सद्भावयुक्त भावनाले छठ पुजा गर्न नुवाकोट प्रशासनले स्वास्थ्य सुरक्षाका साथ व्रत विधि पूरा गर्न आग्रह गरेको छ। नुवाकोट प्रहरीले छठ पूजा गरेको स्थानमा विशेष रूपमा सुरक्षाको प्रवन्ध मिलाएको जनाएको छ।